# अर्थ बुलेटिन

वर्ष १ अंक ३ असोज, २०७६

## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्। यस अवधिमा स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या उत्साहजनक रुपमा बढेको छ। वैदेशिक सहायता परिचालनमा वृद्धि भएको छ। गत आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अविधको वस्तु आयात १०.३ प्रतिशतले घटेको छ भने वस्तु निर्यात १४.४ प्रतिशतले वृद्धि भएको छ। फलस्वरुपः वस्तु व्यापार घाटा सुधार हुँदै गएको छ। चालु खातामा हुँदै गएको सुधारबाट आगामी दिनमा समग्र शोधानान्तर स्थिति थप अनुकुल हुँदै जाने देखिन्छ। वित्तीय पँहुचमा सुधार भएको छ। ७५३ स्थानीय तहमध्ये ७४१ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। समग्रमा अर्थतन्त्रका परिसूचकहरुले मुलुकमा आर्थिक विकासको गतिमा तीव्रता आएको तर्फ संकेत गरेको छ।

## प्रकाशन तथा सम्पादन

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## वर्तमान आर्थिक परिदृष्य


### संघीय सरकारी खर्च

चालु आर्थिक वर्ष २०७६/७७ को असोजसम्म संघीय सरकारको कुल खर्च रू. १ खर्ब ७७ अर्ब ९८ करोड रहेको छ। कुल खर्च मध्ये चालु खर्च रू, १ खर्ब ५६ अर्ब ७३ करोड, पूँजीगत खर्च रू. १८ अर्ब ३७ करोड र वित्तीय व्यवस्था रू. २ अर्ब ८८ करोड रहेको छ। चालु आर्थिक वर्षको असोजसम्ममा नगद प्रवाहमा आधारित कुल संघीय सरकारी खर्च भने रू. १ खर्ब ७२ अर्ब ३३ करोड रहेको छ।

### राजस्व परिचालन

चालु आर्थिक वर्ष २०७६/७७ को असोजसम्ममा कुल राजस्व परिचालन रू. १ खर्ब ९८ अर्ब भएको छ। कुल राजस्व परिचालन मध्ये कर राजस्व रू. १ खर्ब ७७ अर्ब ५४ करोड पुगेको र गैरकर राजस्व रू. २० अर्ब ४६ करोड रहेको छ।

चार्ट १ (क): आर्थिक वर्ष २०७६/७७ को असोज महिनासम्मको राजस्व संरचना




#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्यकर समावेश गरिएको छ।

चालु आर्थिक वर्षमा वस्तु आयातमा कमी आएको कारण भन्सारबाट संकलन हुने राजस्वको वृद्धि न्यून रहेको छ। विशेषगरी, डिजेल, पेट्रोल, एल.पी ग्यास, जीप/कार/भ्यान लगायतका सवारी साधन, ए,म.एस. विलेट, सिमेन्ट क्लिङ्कर, सुन, पत्थर कोइला लगायतका वस्तुको आयात घटेकोले त्यसको प्रभाव राजस्व परिचालनमा पर्न गएको हो। यद्यपी, आन्तरिक राजस्व तर्फको आयकर संकलनको वृद्धिदर भने उत्साहजनक रहेको छ। चालु आर्थिक वर्षको श्रावण देखि नै स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा भएको उत्साहजनक वृद्धिको कारण राजस्वको दायरामा वृद्धि भै सो को प्रभाव आगामी दिनमा राजस्व परिचालनमा पर्ने देखिन्छ।

| तालिका (क): राजस्व लक्ष्य र असुली | | | |
|---|---|---|---|
| राजस्व शिर्षक | वार्षिक लक्ष्य (रू. अर्बमा) | राजस्व असुली (रू. अर्बमा) | |
| | | २०७५ असोजसम्म | २०७६ असोजसम्म |
| भन्सार महशुल | २१३.२० | ४२.४९ | ३९.०९ |
| मूल्य अभिवृद्धि कर | ३१५.०१ | ६१.०२ | ६४.३९ |
| अन्तशुल्क | १६९.९८ | ३३.८२ | ३२.९० |
| आयकर | २८०.३५ | २७.०३ | ३४.९४ |
| अन्य # | ३०.६२ | ६.९८ | ६.२१ |
| **जम्माकर राजस्व** | **१००९.१६** | **१७१.३४** | **१७७.५४** |
| **गैरकरराजस्व** | **१०२.८७** | **२१.६७** | **२०.४७** |
| **कुलराजस्व** | **१११२.०३** | **१९३.०१** | **१९८.००** |

स्रोतः अर्थ मन्त्रालय।

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्।बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।

## करको दायरा विस्तार

२०७६ भदौसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २७ लाख ६२ हजार १ सय ३५ रहेकोमा २०७६ असोज मसान्तसम्म यस्तो संख्या ४.६ प्रतिशतले बढेर २८ लाख ८९ हजार २ सय १८ पुगेको छ। २०७६ असोजसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १२ लाख ७४ हजार ७ सय १७ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १६ लाख १२ हजार ४ सय ५२ पुगेका छन्। २०७६ असोजमा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १ लाख ८ हजार २ सय १९ थप भएका छन्। २०७६ असोजसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको संख्या २ लाख ३५ हजार ९ सय ७५ पुगेको छ भने २०७६ असोज मात्र ३ हजार ८ सय ५५ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्।२०७६ असोजसम्म अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या ९० हजार ६ सय ४४ पुगेको छ।

| तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण | | | | |
|---|---|---|---|---|
| दर्ताको प्रकार | २०७६ असारसम्म स्थायी लेखा नम्बर लिएका करदाताको संख्या | २०७६/७७ को असोज महिनासम्ममा थप भएका स्थायी लेखा नम्बर लिने करदाताको संख्या | २०७६ असोजसम्ममा स्थायी लेखा नम्बर लिने जम्मा करदाताको संख्या | प्रतिशत परिवर्तन |
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १,१७८,३८३ | ९६,३३४ | १२७४७१७ | ८.२ |
| व्यक्तिगतस्थायी लेखा नम्बर (PPAN) | ९९३,०८० | ६१९,३७२ | १६१२४५२ | ६२.४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ७३७ | १,३१२ | २०४९ | १७८.० |
| **जम्मा स्थायी लेखा नम्बर** | **२,१७२,२००** | **७१७,०१८** | **२८८९२१८** | **३३.०** |
| मूल्यअभिवृद्धि कर | २१३,७७० | २२,२०५ | २३५९७५ | १०.४ |
| अन्तःशुल्क | ७७,४१४ | १३,२३० | ९०६४४ | १७.१ |

स्रोतः आन्तरिक राजस्व विभाग, कार्तिक २०७६।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ असोज मसान्तसम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. १० खर्ब ८४ अर्ब ९६ करोड पुगेको छ। यस अवधिमा तिर्न बाँकी खुद आन्तरिक ऋण रू. ४ खर्ब ५३ अर्ब ४९ करोड र तिर्न बाँकी खुद वैदेशिक ऋण रू. ६ खर्ब ३१ अर्ब ४७ करोड रहेको छ। यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. ३ अर्ब ५९ करोड ४७ लाख वरावरको व्याज तथा बाह्य ऋणतर्फ सावाँ रू. २ अर्ब १८ करोड ३२ लाख र व्याज रू. ५४ करोड ३४ लाख भुक्तानी गरेको छ। चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा संघीय सरकारले प्राप्त गरेको वैदेशिक अनुदान गत आर्थिक वर्षको सोही अवधिमा रू. ३

अर्ब ३२ करोड रहेकोमा सो को तुलनामा १२३.४ प्रतिशतले बढेर रू. ७ अर्ब ४२ करोड पुगेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारले प्राप्त गरेको वैदेशिक ऋण गत आर्थिक वर्षको सोही अवधिमा रू. ११ अर्ब ३४ करोड रहेकोमा सो को तुलनामा ५९.७ प्रतिशतले बढेर रू. १८ अर्ब ११ करोड पुगेको छ।

### वैदेशिक सहायता प्रतिबद्धता

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा वैदेशिक सहायता प्रतिबद्धता रू. १५ अर्ब ६८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रू. २७ अर्ब ७६ करोड रहेको थियो। चालु आर्थिक वर्षको असोज महिनामा भूकम्प प्रभावित क्षेत्रमा घरहरुको पुनर्निर्माण र शिक्षा तथा स्वास्थ्य सुविधा पुर्‍याउने परियोजनाको लागि रू. ३ अर्ब ३३ करोड वरावरको वैदेशिक ऋण सहायता प्रतिबद्धता प्राप्त भएको छ। चालु आर्थिक वर्षको पहिलो तीन महिनाको अवधिमा प्राप्त भएको कुल वैदेशिक सहायता प्रतिबद्धता मध्ये अनुदान र ऋणको हिस्सा क्रमशः ७८.८ प्रतिशत र २१.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः १६.२ प्रतिशत र ८३.८ प्रतिशत थियो।

### वित्तीय क्षेत्र

२०७६ भदौसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ७३९ रहेकोमा थप २ स्थानीय तहमा बैंकको शाखा विस्तार भई असोजसम्ममा ७४१ पुगेको छ। प्रदेश नं. ५ भित्र रहेका सवै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ।

**तालिका (घ): २०७६ असोजसम्म वाणिज्य बैङ्कको शाखा पुगेका स्थानीय तहको संख्या**

| प्रदेश | स्थानीय तहको संख्या | शाखा पुगेका स्थानीय तह | शाखा पुग्न बाँकी स्थानीय तह |
|---|---|---|---|
| १ | १३७ | १३६ | १ |
| २ | १३६ | १३४ | २ |
| ३ | ११९ | ११७ | २ |
| गण्डकी | ८५ | ८४ | १ |
| ५ | १०९ | १०९ | ० |
| कर्णाली | ७९ | ७८ | १ |
| सुदूरपश्चिम | ८८ | ८३ | ५ |
| **कुल जम्मा** | **७५३** | **७४१** | **१२** |

स्रोतः नेपाल राष्ट्र बैङ्क, कार्तिक २०७६।

### पूँजी बजार

वार्षिक विन्दुगत आधारमा २०७५ असोज मसान्तमा नेप्से सूचकाङ्क २०७४ असोज मसान्तको तुलनामा २०.४ प्रतिशतले ह्रास आई १२४१.६० विन्दुमा रहेकोमा २०७६ असोज मसान्तमा यस्तो सूचकाङ्क ८.४ प्रतिशतले घटेर ११३७.७५ विन्दु कायम भएको छ।

### समग्र मूल्य स्थिति

२०७६ भदौ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.१६ प्रतिशत रहेको छ। यस अवधिमा तरकारी, फलफुल, मसला, मासु र माछा, लुगा तथा जुत्ता, घरायसी उपयोगिताका वस्तु तथा सेवा र शिक्षा उपसमूहको मूल्य वृद्धि तुलनात्मक रुपमा बढी रहेको छ। २०७५ भदौ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.८६ प्रतिशत रहेको थियो।

### बाह्य क्षेत्र

### वस्तु निर्यात

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा कुल वस्तु निर्यात १४.४ प्रतिशतले वृद्धि भई रू. २७ अर्ब १७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात १६.१ प्रतिशतले बढेर २३ अर्ब ७४ करोड रहेको थियो। यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरुतर्फ भएको निर्यातको अंश क्रमशः ६५.८ प्रतिशत,१.७ प्रतिशत र ३२.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ५५.४ प्रतिशत, २.४ प्रतिशत र ४२.२ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको असोज महिनामा भारततर्फको निर्यात क्रमशः ३५.८ प्रतिशतले बढेको छ भने चीन र अन्य देशहरुतर्फको निर्यात क्रमशः १९.९ प्रतिशत र ११.७ प्रतिशतले घटेको छ। यस अवधिमा पाम तेल, भटमासको तेल (प्रशोधित), अलैची, जमोठ कपडा (फेल्ट) लगायतका वस्तुको निर्यात बढेको छ।

**तालिका (ङ):२०७६ असोज महिनासम्ममा निर्यात भएका प्रमुख ५ वस्तुहरु**

| क्र.सं. | वस्तुको नाम | अंश (प्रतिशत) |
|---|---|---|
| १ | प्रशोधित पाम (खजुर) तेल | २१.२ |
| २ | सेन्थेटिक यार्न | ८.१ |
| ३ | उनी गलैंचा कार्पेट | ७.४ |
| ४ | तयारी कपडा | ६.५ |
| ५ | भटमासको तेल (प्रशोधित) | ५.४ |
| ६ | अन्य | ५१.५ |

स्रोतः भन्सार विभाग, कार्तिक २०७६।

### वस्तु आयात

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.३ प्रतिशतले घटेर रू. ३ खर्ब ३४ अर्ब ९५ करोड रहेको छ। कुल आयात मध्ये भारत, चीन र अन्य देशहरुबाट भएको आयातको अंश क्रमशः ६१.९ प्रतिशत, १७.७ प्रतिशत र २०.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.२ प्रतिशत, १४.२ प्रतिशत र २२.६ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको असोज महिनामा भारत र अन्य देशबाट भएको आयात क्रमशः १२.२ प्रतिशत र १९.१ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ११.६ प्रतिशतले बढेको छ। यस अवधिमा डिजेलको कुल आयात २१.३ प्रतिशतले घटेर रु. २० अर्ब १६ करोड रहेको छ। त्यसैगरी, एम. एस. विलेट ४९.४ प्रतिशत, पेट्रोल २.१ प्रतिशत, एल.पी ग्यास २६.७ प्रतिशत, एलोपेथिक औषधीको आयात ५.७ प्रतिशतले

घटेको छ भने तयारी कपडाको आयात ५.० प्रतिशत एच.आर सिट ९.४ प्रतिशत, मोवाईल १४.२ प्रतिशत तथा मोटरसाईकलको आयात ४.५ प्रतिशतले बढेको छ।

| तालिका (च): २०७६ असोज महिनासम्ममा आयात भएका प्रमुख ५ वस्तुहरु | | |
|---|---|---|
| क्र.सं. | वस्तुको नाम | अंश (प्रतिशत) |
| १ | डिजेल | ६.० |
| २ | तयारी कपडा | ३.३ |
| ३ | एम. एस. विलेट | ३.० |
| ४ | पेट्रोल | २.८ |
| ५ | एच.आर. सीट | २.४ |
| ६ | अन्य | ८२.६ |

स्रोतः भन्सार विभाग, कार्तिक २०७६।

चालु आर्थिक वर्षको पहिलो तीन महिनामा डिजेलको आयात (परिमाणमा) ९.९ प्रतिशतले घटेर ३ लाख ८ हजार २ सय ३६ किलोलिटर रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात १६.५ प्रतिशतले बढेको थियो। त्यसैगरी यस अवधिमा बस, मिनि बस,जीप, कार, भ्यान लगायतका सवारीसाधन (मोटरसाईकल तथा मालवाहक सवारीसाधन बाहेक) को आयात (संख्यामा) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३३.९ प्रतिशतले घटेर १० हजार २ सय २१ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १५ हजार ४ सय ६० रहेको थियो। चालु आर्थिक वर्षको पहिलो तीन महिनामा मोटरसाईकलको आयात (संख्यामा) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.० प्रतिशतले बढेर १ लाख ४ हजार ४ सय ८६ पुगेको छ।

आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने सरकारको दुईधारे नीतिको प्रभाव स्वरुप विगतका वर्षहरुमा निरन्तर बढ्दै गईरहेको वस्तु आयात चालु आर्थिक वर्षको सुरूवात देखि नै क्रमशः घट्दै गईरहेको छ भने निर्यात क्रमशः बढ्दै गएको छ। फलस्वरुप, वस्तु व्यापार घाटाको आकार पनि खुम्चदै गएको छ।

## व्यापार सन्तुलन

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.० प्रतिशतले घटेर रू. ३ खर्व ७ अर्ब ७८ करोड रहेको छ। यस अवधिमा वस्तुको निर्यात बढेको तथा आयात घटेको कारण कुल वस्तु व्यापार घाटा पनि घट्न गएको हो। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ४५.९ प्रतिशतले बढेको थियो।

## सेवा व्यापार

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा सेवा आय रू. २८ अर्ब ३७ करोड र सेवा खर्च रू. ३३ अर्ब ४३ करोड भई खुद सेवा आय रू. ५ अर्ब ६ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. १६ अर्ब ५२ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा विप्रेषण आय रू. १५३ अर्ब ७३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. १५४ अर्ब २० करोड थियो।

आर्थिक वर्ष २०७६/७७ को असोजसम्म वैदेशिक रोजगारमा जान अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैद्यानिकीकरण) लिने नेपाली कामदारको संख्या २.१ प्रतिशतले घटेर ५७ हजार ४ सय ८९ रहेको छ। आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा यस्तो संख्या ३६.७ प्रतिशतले घटेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको असोजसम्म वैदेशिक रोजगारमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको संख्या ०.९ प्रतिशतले घटेर ५० हजार ८ सय ७१ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४.७ प्रतिशतले घटेको थियो।

## चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा शोधानान्तर स्थिति रू. ८ अर्ब ८३ करोडले वचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधानान्तर स्थिति रू. २५ अर्ब ४५ करोडले घाटामा रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा चालु खाता रू.२१ अर्ब ७९ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. ३५ अर्ब १६ करोड रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेकोमा २०७६ भदौ मसान्तमा यस्तो सञ्चिति ३.९ प्रतिशतले बढेर रु.१० खर्ब ७८ अर्ब ९४ करोड पुगेको छ। आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विदेशी लगानी

आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा खुद प्रत्यक्ष विदेशी लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६०.८ प्रतिशतले बढेर रु. १ अर्व ९८ करोड रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी ७५.९ प्रतिशतले घटेको थियो।

## विनिमय दर

२०७६ असार मसान्तमा नेपाली रुपैंयाको अमेरिकी डलर १ को खरिद विनिमयदर रू. १०९.३६ रहेकोमा २०७६ असोज मसान्तमा नेपाली रुपैंया अमेरिकी डलरसँग ४.२ प्रतिशतले अवमूल्यन भई रु. ११४.०० रहेको छ।

### अन्य आर्थिक गतिविधी

#### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा कम्पनी दर्ताको संख्या ७,४८५ रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा कम्पनी दर्ताको संख्या ८,०५१ रहेको थियो।

### पर्यटक आगमन

सन् २०१९ को सेप्टेम्वरसम्म नेपाल आउने पर्यटकको संख्या (भारत बाहेक) ७.४ प्रतिशतले बढेर ८ लाख २९ हजार ७ सय ४९ पुगेको छ।सन् २०१८ को सोही अवधिमा यस्तो संख्या १९.८ प्रतिशतले बढेर ७ लाख ७२ हजार ८ सय ४८ रहेको थियो।

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिना (जुलाई, अगष्ट र सेप्टेम्वर) मा नेपाल आउने पर्यटकको संख्या२ लाख ४४ हजार २ सय १८ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा नेपाल आउने पर्यटकको संख्या २ लाख ५२ हजार ८ सय ३४ रहेको थियो।

## नीतिगत तथा कानूनी राय परामर्श

- भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ को प्रस्ताव संघीय संसदमा पेश गर्न स्वीकृतिका लागि संघीय मन्त्रिपरिषदमा पेश गरिएको।
- आर्थिक विधेयक, २०७६ र अन्तःशुल्क (बिसौं संशोधन) नियमावली, २०७६ , नवप्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७६ को मस्यौदा उपर कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्जुमा सहमति लिई सो सम्बन्धी प्रस्ताव संघीय मन्त्रिपरिषदमा पेश गरिएको।
- सार्वजनिक संस्थान (सञ्चालन र व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६को मस्यौदा तर्जुमा सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाईएको।
- निजिकरण गरिएका सार्वजनिक संस्थानको अध्ययन गर्ने परामर्शदाताको कार्यदिश (TOR)स्वीकृत भएको।
- पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयबाट अनुरोध भै आएको विमानस्थल सुविधादेय नियमावली, २०७६ को मस्यौदामा राय उपलब्ध गराईएको।
- राजस्व बोर्ड गठन आदेश, २०७६ को मस्यौदा तयार भई सहमतिका लागि कानून मन्त्रालयमा गएको।
- अन्तर्राष्ट्रिय वित्त निगमले २० मिलियन अमेरिकी डलर बराबरको Nepalese Rupee (NPR) denominated offshore bond जारी गर्ने सम्बन्धी प्रस्ताव प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेश गरिएको।

## मन्त्रालयका गतिविधीहरु

- राजस्व चुहावटमा देखिएका प्रवृत्ति विश्लेषण गर्दै समयानुकूल नियन्त्रणका उपायहरुमाथि छलफल गरीराजस्व चुहावट नियन्त्रण उच्चस्तरीय अनुगमन समितिको बैठक समितिका संयोजक तथा मा. अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भएको ।
- संयुक्त अधिराज्यसँग दोहोरो कर मुक्ति सम्झौता सम्बन्धी दोस्रो चरणको वार्ता सम्पन्न भएको।
- चालु आर्थिक वर्षको असोज महिनासम्म १२२ वटा करदाताहरुले आन्तरिक राज्व विभागमा रहेको केन्द्रीय बिजक अनुगमन प्रणालीको User ID लिएका र ९३ करदाताको कारोवार प्रणालीमा प्रतिवेदन भइरहेको।
- कर बक्यौता नभएका करदाताको आन्तरिक राजस्व विभागको एकिकृत कर प्रणालीबाट स्वतः कर चुक्ता प्रमाणपत्र जारी गर्ने कार्य प्रारम्भ भएको।
- माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको समुपस्थितिमा आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना प्रगति समिक्षा गरी नीति तथा कार्यक्रममा तोकिएको समय सीमाभित्र कार्यान्वयन गर्ने गरी अघि बढ्ने विषयमा छलफल सम्पन्न गरिएको।
- सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापहरुमा वित्तीय लगानी निवारण सम्बन्धी तथ्याङ्क पुस्तिका ( Statistics Book) को प्रारम्भिक मस्यौदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसँग समन्वय गरी तयार गरिएको।
- सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रबाट २०७६ असोजसम्ममा "राजस्व प्रशासन सम्बन्धी अधिकृतस्तरीय सेवाकालिन तालिम", "सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अधिकृतस्तरीय तालिम", "लेखापरीक्षण अधिकारी सम्बन्धी सेवा प्रवेश तालिम", "सम्पत्ति शुद्धीकरण तथा राजस्व चुहावटको कसुरमा अनुसन्धान तथा अभियोजन क्षमता विकास सम्बन्धी अल्पकालिन तालिम" र "प्रशिक्षक प्रशिक्षण तालिम (ToT) "गरी ५ वटा विषयमा तालिम कार्यक्रमहरु सम्पन्न गरीएको छ। चालु आर्थिक वर्षको असोजसम्म सम्पन्न भएका विभिन्न तालिम कार्यक्रमबाट १४५ जना प्रशिक्षार्थीहरु प्रशिक्षित भएका।

### अन्य गतिविधिहरु

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडाबाट असोज १८ गते भारतको नयाँ दिल्लीमा आयोजना भएको विश्व आर्थिक विकास मञ्चको कार्यक्रममा सहभागी हुनु भयो। सो कार्यक्रमलाई सम्बोधन गर्दै दक्षिण एशियाली मुलुकको समग्र विकासका लागि हरेक मुलुक यातायात, सञ्चार, व्यापारका माध्यामद्वारा एक आपसमा आवद्ध हुनु पर्ने कुरामा जोड दिनु भएको।

- यसका साथै अन्तर्राष्ट्रिय व्यापारमा देखिएका चुनौती, द्विपक्षीय तथा बहुपक्षीय व्यापारका विविध पक्ष, वैदेशिक लगानी, रोजगारी सिर्जना, विश्व व्यापार संगठनको प्रभावकारिताका लागि चाल्नु पर्ने कदम, विश्व अर्थतन्त्रमा दक्षिण एशियाली मुलुकको भूमिका लगायत समसामायिक विषयमा ासमेत अर्थमन्त्रीले सम्बोधन गर्नु भएको थियो।
- नेपाल सरकार र साउदी विकास कोष बीच भूकम्पबाट क्षतिभएका व्यक्तिगत घर, सार्वजनिक संरचना खासगरि स्वास्थ्य  र शिक्षाको पूर्ननिर्माणमा सहयोगका गर्नका लागि वित्तीय सम्झौता भएको छ।
- उक्त वित्तीय सम्झौतामा माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाको समुस्थितिमा नेपाल सरकारको तर्फबाट अर्थ सचिव डा. राजन खनाल र साउदी विकास कोषकातर्फबाट महामहिम उपाध्यक्ष तथा प्रबन्ध



निर्देशक डा. खालेड बिन सुलाइमन अलखुदैरीले हस्ताक्षर गरी सम्झौता पत्रको आदान प्रदान गर्नु भएको थियो।